REGIONAL NEWS UNIT

BROADCAST: 18:40 hrs  Date: 20.01.2024

## Meeting Finance Commission

सोल्हौं वित्त आयोगको बैठक आज सिक्किम सरकारसितको समन्वयमा गान्तोकस्थित टाशीलिङ सचिवालयको सम्मेलन कक्षमा बस्यो।

आयोगका अध्यक्ष डाक्टर अरविन्द पानागरिया तथा सदस्यहरूको साथमा बसेको बैठकमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको साथमा अन्य बाहेक मुख्यमन्त्रीका Emeritus मुख्य आर्थिक सल्लाहकार डाक्टर महेन्द्र P लामा, मुख्य प्रशासक एवं क्याबिनेट सचिव श्री विजय भूषण पाठक तथा मुख्य सचिव श्री रविन्द्र तेलाङ हुनुहुन्थ्यो।

मुख्यमन्त्री श्री तामाङले जोड़ दिँदै भन्नुभयो, सिक्किम भारतको सबैभन्दा एकीकृत तर कम सम्बद्ध राज्य हुनका साथै देशमा सबैभन्दा अधिक प्रतिव्यक्ति आय भएको र सबैभन्दा शान्तिपूर्ण सीमावर्ती राज्य हो। उहाँले सिक्किमलाई भारतको हरित राजधानीका रूपमा विकसित गर्ने आफ्नो इच्छा व्यक्त गर्दै कम जनसंख्या भएको सानो राज्यले सामना गर्नुपरिरहेका विभिन्न कठिनाइहरूलाई सम्बोधन गर्नमा रहेको आवश्यकतामाथि प्रकाश पार्नुभयो।

श्री प्रेमसिंह तामाङले भारतको विकासमा आयोगका अध्यक्षले निभाएको महत्त्वपूर्ण योगदानको प्रशंसा गर्दै उहाँको भूमिका युवाविदहरूका निम्ति प्रेरणा बताउनुभयो। मुख्यमन्त्रीले सिक्किम नीति आयोगको स्थापनाको बारेमा अध्यक्षलाई अवगत गराउनुभयो, जसको उद्देश्य विकसित भारत 2047-को व्यापक दृष्टिकोणअनुरूप सिक्किम भिजन 2047-का लागि योजना बनाउनु हो।

सोल्हौं वित्त आयोगका अध्यक्ष डाक्टर अरविन्द पानागरियाले सिक्किमको प्रति व्यक्ति आयमा वृद्धिलाई हेर्दा राज्य 2047-को निर्धारित लक्ष्यभन्दा अघि नै विकसित भारतको लक्ष्यसम्म पुग्ने अनुमान लगाउन सकिने बताउनुभयो। यस अवसरमा उहाँले एउटा प्रस्ताव राख्दै भन्नुभयो कि सिक्किम निति आयोगले 2047-माथि केन्द्रित नभएर 2035-को लक्ष्य निर्धारण गर्नसक्नेछ, किनकि यसले यथार्थपरक र प्राप्य उद्देश्य प्रस्तुत गर्दछ। पछि उहाँले चिन्तन भवनमा सम्पन्न पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै भन्नुभयो, ..........

सिक्किमको राज्य वित्तीय तथा आर्थिक संरचनाको बारेमा प्रस्तुतीकरण दिँदै श्री विजय भूषण पाठकले भन्नुभयो, सिक्किमले आगामी 16 मई-मा आफू भारतसित गाभिएको पच्चास वर्ष पूरा भएको स्मरण गर्दै स्वर्ण जयन्ती पालन गर्नेछ। मुख्य प्रशासकले राज्यको व्यापक आर्थिक तथा वित्तीय परिदृश्यको रूपरेखा प्रस्तुत गर्नुभयो। उहाँले राज्यले भोग्नुपरेका चुनौतीहरू अनि विशेषगरी यसलाई प्रतिकुल असर पार्ने प्राकृतिक आपदामाथि केन्द्रित गर्दै सिक्किमले गरेको प्रगतिमाथि प्रकाश पार्नुभयो।

-------------------------------------X-------------------------------------

Flagg Off Educational Tour

शिक्षा मन्त्री श्री राजु बस्नेतले आज राज्य तथा प्रसंशा पुरस्कार प्राप्त शिक्षकहरूलाई SNT परिसरबाट अध्ययन भ्रमणका निम्ति प्रस्थान गराउनुभयो।

शिक्षा विभागद्वारा आयोजित कार्यक्रममा श्री बस्नेतले शिक्षकहरूलाई सफल यात्राको शुभकामना दिँदै उनीहरूले यस भ्रमणबाट बहुमूल्य जानकारीहरू बटुल्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, यस पहलले शिक्षकहरूको व्यावसायिक कौशल वृद्धि गर्नमा रहेको सरकारको प्रतिबद्धतालाई दर्शाउँदछ। उहाँले प्रकाश पार्दै भन्नुभयो, भ्रमणमा प्राप्त ज्ञान र अनुभवबाट सिक्किमको शिक्षा प्रणालीको सुदृढीकरणमा सहयोग पुग्नेछ।

आफ्ना श्रीमान-श्रीमतीका साथ तमिलनाडु र केरलाको एघार दिने भ्रमणमा निस्किएका छत्तीसजना शिक्षकहरूले यी राज्यका ग्रामीण र शहरी क्षेत्रहरूमाअध्यापनको तरिकाबारे जानकारी लिनका साथै आफ्ना विचारहरू साझा गर्ने अनि सांस्कृतिक र ऐतिहासिक अभ्यासको अध्ययन गर्नेछन्।

अवगत गराइन्छ, यस योजनाअन्तर्गत राष्ट्रिय पुरस्कार प्रापक शिक्षकहरूलाई अन्तरराष्ट्रिय अनि राज्य र प्रशंसा पुरस्कार प्रापक शिक्षकहरूलाई राष्ट्रिय स्तरको शैक्षिक भ्रमणमा पठाइने गरेको छ।

-------------------------------------X-------------------------------------

SLA

आगामी पाँच फरवरीका दिन सिक्किम विधानसभा सचिवालयमा सिक्किम विधानसभाको बैठक बस्ने भएको छ। राज्यपाल श्री ओमप्रकाश माथुरले गत सत्र जनवरीका दिन एउटा अधिसूचना जारी गर्दै यसको जानकारी दिनुभएको हो।

---------------------------------------X---------------------------------------

DLC Meeting on Disability

जिल्लाधीशको च्याम्बरमा आज आयोजित दिव्याङ्गजनका निम्ति जिल्ला स्तरीय समितिको बैठकको अध्यक्षता गर्दै सोरेङका जिल्लाधीश श्री धिरज सुवेदीले दिव्याङ्गजनहरूको अधिकार र कल्याणसित सम्बन्धित महत्त्वपूर्ण विषयमाथि प्रकाश पार्नुभयो। उहाँले बैठकमा दिव्याङ्गजनहरूको अधिकार (RPwD) ऐन, २०१६-का प्रमुख प्रावधानहरू र समाजमा उनीहरूको समान सहभागिता सुनिश्चित गर्न आवश्यक पहलहरूमाथि सबैको ध्यानाकर्षण गर्नुभयो। उहाँले प्रकाश पार्दै भन्नुभयो, दिव्याङ्गजनहरूको हितको रक्षाका निम्ति RPwD ऐनका कनै पनि प्रावधानहरूको लापरवाही वा उल्लङ्घनमाथि तत्काल कार्यवाहीको आवश्यकता पर्नेछ।

---------------------------------------X---------------------------------------

Maghey Sankranti Mela

नाम्ची जिल्लाको जोरथाङमा चलिरहेको माघे संक्रान्ती मेलाको सातौं दिन आज सिक्किम सरकारको खेलकुद एवं युवा मामिला विभागले मेला आयोजक समितिसितको सहकार्यमा विभिन्न ग्रामीण खेलकुद गतिविधिहरूको आयोजना गर्‍यो।

यस अवसरमा मुख्य आकर्षणको रूपमा पुरूष अनि महिला वर्गका निम्ति मुख्यमन्त्री एक माइल दौड रहेको थियो, जसमा बाह्रदेखि पन्द्र वर्षको आयु वर्गका ठिटा-ठिटीले भाग लिए। यसैगरी दुवै वर्गका निम्ति रहेको एक्काइस किलोमिटरको Half Marathon-मा साठ्ठी वर्षदेखि माथिका वृद्ध-वृद्धाले सहभागिता जनाए भने अन्य विभिन्न गतिविधिमा राज्य, राष्ट्रिय र अन्तरराष्ट्रिय स्तरका प्रतिभागीले भाग लिए। विभिन्न प्रतियोगिताका प्रतिभागीहरूलाई नाम्चीकी जिल्ला अध्यक्ष सुश्री अन्जीता राजालिम अनि जुम-सालघारीका विधायक एवं माघे मेला २०२५-का प्रमुख संरक्षक श्री मदन सिञ्चुरीको बाहुलीद्वारा पदक अनि नगद पुरस्कार प्रदान गरियो।

---------------------------------------X---------------------------------------